# जिल्ला अदालत

## मासिक प्रतिवेदनका फारामहरु भर्ने
## निर्देशिका २०६७
## र
## मासिक प्रतिवेदनका नमूना फारामहरु

**सर्वोच्च अदालत**
**अनुसन्धान तथा योजना महाशाखा**
**तथ्याङ्क एवम् प्रतिवेदन शाखा**
**काठमाडौं, नेपाल**

**मासिक प्रतिवेदनका फारामहरुमा विवरण भर्दा ध्यान दिनुपर्ने कुराहरु :**

- सर्वप्रथम प्रत्येक फारामले मागेको विषयमा स्पष्ट हुने ।
- सबै फारामहरु समान महत्वका हुने हुँदा कुनै फाराम भर्ने र कुनै फाराम नभर्ने नगरी सबै फारामहरुलाई समान महत्व दिई पूर्ण रुपमा भर्ने ।
- फाराममा उल्लेख गरिएका शव्दहरु सिलसिलेवार रुपमा अध्ययन गर्ने र वुझ्ने ।
- प्रत्येक फारामको शिर्षकले के सम्वन्धी विवरण मागेको छ सो शिर्षक राम्रोसंग पढी विवरण भर्न तयारी गर्ने ।
- मागिएको विवरण भर्दा सहज हुने गरी अभिलेख राख्ने पुस्तिकाको विकास गर्ने ।
- एउटा फाराममा भरिएको तथ्याङ्कको संख्याले अन्य फारामहरुमा तादाम्यता राख्ने हुदाँ एउटा फाराममा उल्लेखित तथ्यांक अर्को फारमको तथ्यांकसंग विरोधाभाषपूर्ण भए नभएको ध्यान दिने ।
- मासिक प्रतिवेदनमा मागिएको ढाँचा अनुसारको विवरण प्राप्त गर्न सहज हुने किसिमवाट अदालतको दायरी किताव, लगत किताव जस्ता अभिलेखका कुरा व्यवस्थित गरेर राख्ने ।
- संख्याहरुमा समानता नदेखिए कहाँ गल्ति भएको छ पहिचान गरी वास्तविक तथ्याङ्क पहिल्याई विवरण भर्ने ।
- प्रस्तुत महिनाको मासिक प्रतिवेदन तयार गर्दा अघिल्लो महिनाको प्रतिवेदनसगै राखी तादाम्यता कायम गरी प्रतिवेदन तयार गर्ने ।
- मासिक प्रतिवेदको प्रत्येक पानामा प्रमाणित गर्नेले पुच्र्छे सही गरी अन्तिम पानामा पुरा नाम, सही र अड्डाको छाप समेत लगाउनु पर्ने छ ।

# जिल्ला अदालत

## फाराम नं. १

**उद्धेश्य :** यो फारामवाट जिल्ला अदालतको मुद्दा र फैसला कार्यान्वयनको लगत, फछ्र्यौट र बाँकी सम्बन्धी विवरण प्राप्त हुने ।

## मुद्दा र फैसला कार्यान्वयन तर्फको लगत, फछ्र्यौट विवरण

**फाराम भर्ने तरीका :**

- मुद्दाको विवरण अन्तर्गत देवानी र फौजदारी लगत तथा सोको जम्मा संख्या भर्ने ।
- मुद्दाको लगत महल अन्तर्गत “जिम्मेवारी सरेको” भन्ने महलमा गत आर्थिक वर्षवाट यस आर्थिक वर्षमा जिम्मेवारी सरेको मुद्दा संख्या भर्ने । “यो वर्षको” भन्ने महलमा यस आर्थिक वर्षको श्रावण महिना देखि मासिक प्रतिवेदन तयार गरेको महिना सम्म दर्ता हुन आएका जम्मा मुद्दा संख्या भर्ने र “जम्मा” भन्ने महलमा दुवै महलको जम्मा भर्ने ।
- फछ्र्यौटको महल अन्तर्गत “गत महिना सम्मको” भन्ने महलमा यस आर्थिक वर्षको श्रावण महिना देखि फाराम भर्दाको महिनाको अघिल्लो महिना सम्म फछ्र्यौट भएको सम्पूर्ण मुद्दा संख्या भर्ने र “यो महिनाको” भन्ने महलमा जुन महिनाको मासिक प्रतिवेदन तयार गरिएको हो सो महिनाको फछ्र्यौट भएको सम्पूर्ण मुद्दा संख्या भर्ने । “जम्मा” भन्ने महलमा “गत महिना सम्मको” महलमा उल्लिखित संख्या र “यो महिनाको” भन्ने महलमा उल्लिखित संख्याको योगफल उल्लेख गर्ने ।
- वाँकी महल अन्तर्गत “१ वर्ष भित्रको,” “१ वर्ष देखि २ वर्ष भित्रको ” र “२ वर्ष नाघेको” भन्ने महलहरुमा फछ्र्यौट हुन वाँकी रहेका मुद्दाहरु मध्ये दर्ता मितिको आधारमा के कति संख्यामा सो

बमोजिमका मुद्दा रहेका छन् सोको आधारमा संख्या क्रमैसंग भरी "जम्मा" भन्ने महलमा योगफल भर्ने ।

- "लगत" महलको जम्मा संख्यावाट "फछ्र्यौट" महलको जम्मा संख्या घटाउँदा आउने फल "बाँकी" महलको जम्मा संख्यासंग मिल्ने हुनुपर्दछ ।
- फैसला कार्यान्वयन तर्फको विवरण अर्न्तगत पनि कैद अङ्क, जरिवाना अङ्क, विगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने र अन्य भए सो समेत क्रमैसंग "लगत", "फछ्र्यौट", "बाँकी" अन्तर्गतका महलमा क्रमैसंग सोही बमोजिम विवरण भर्ने ।
- फाराम नं १ को कुल लगतसंग फाराम नं ४ को कूल जम्मा जिम्मा मुद्दा संख्या मिल्नुपर्ने छ ।

## फाराम नं. २

**उद्धेश्य** : यो फारामवाट जिल्ला अदालतमा मुलतबी रहेका लगत तथा मुलतबी जागेका मुद्दाको संख्यात्मक विवरण अनुसार जम्मा मुलतबी संख्या र मुलतबी जगाउन बाँकी संख्यात्मक विवरण प्राप्त हुने ।

## मुलतबी मुद्दाको विवरण

**फाराम भर्ने तरीका :**

- मुलतबीको किसिम महल अर्न्तगतको अ.वं. १२ नं. वमोजिमको मुलतबीको लगत विवरण भर्दा "जिम्मेवारी सरेको संख्या" महलमा गत आर्थिक वर्षवाट चालु आर्थिक वर्षमा जिम्मेबारी सरेको अ.वं. १२ नं. बमोजिमको मुलतबी मुद्दा संख्या भर्ने । "यो वर्ष मुलतबी रहेको संख्या" अर्न्तगत चालु आर्थिक वर्षको श्रावण महिना देखि मासिक प्रतिवेदन भर्ने महिना सम्म अ. वं. १२ नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा मुलतबी संख्या" भन्ने महलमा "जिम्मेवारी सरेको संख्या" को महलमा उल्लेखित संख्या र "यो वर्ष मुलतबी रहेको संख्या" को महलमा उल्लेखित संख्यालाई

योगफल गरी भर्ने । "मुलतबी जागेको संख्या" महल अर्न्तगत "गत महिना सम्मको" महलमा अ.वं. १२ नं. बमोजिमको मासिक प्रतिवेदन भर्ने महिना भन्दा अघिल्लो महिना सम्मको मुलतबी मुद्दा संख्या भर्ने । "यो महिनाको" भन्ने महलमा मासिक प्रतिवेदन भर्ने महिना सम्मको अ. वं. १२ नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा" भन्ने महलमा "गत महिना सम्मको" महलमा उल्लिखित संख्या र "यो महिनाको" भन्ने महलमा उल्लेखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जगाउन बाँकी संख्या" भन्ने महलमा "मुलतबीको लगत" भन्ने महल अर्न्तगत उल्लेखित जम्मा मुलतबी संख्या र "मुलतबी जागेको संख्या" भन्ने महल अर्न्तगत उल्लिखित जम्मा संख्या घटाई बाँकी हुन आउने संख्या भर्ने ।

- मुलतबीको किसिम महल अर्न्तगतको अ.वं. १९० नं. वमोजिमको मुलतबीको लगत विवरण भर्दा "जिम्मेवारी सरेको संख्या" महलमा गत आर्थिक वर्षवाट चालु आर्थिक वर्षमा जिम्मेबारी सरेको अ.वं. १९० नं. बमोजिमको मुलतबी मुद्दा संख्या भर्ने । "यो वर्ष मुलतबी रहेको संख्या" अर्न्तगत चालु आर्थिक वर्षको श्रावण महिना देखि मासिक प्रतिवेदन भर्ने महिना सम्म अ. वं. १९० नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा मुलतबी संख्या" भन्ने महलमा "जिम्मेवारी सरेको संख्या" को महलमा उल्लिखित संख्या र "यो वर्ष मुलतबी रहेको संख्या" को महलमा उल्लिखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जागेको संख्या" महल अर्न्तगत "गत महिना सम्मको" महलमा अ.वं. १९० नं. बमोजिमको मासिक प्रतिवेदन भर्ने महिना भन्दा अघिल्लो महिना सम्मको मुलतबी मुद्दा संख्या भर्ने । "यो महिनाको" भन्ने महलमा मासिक प्रतिवेदन भर्ने महिना सम्मको अ. वं. १९० नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा" भन्ने महलमा "गत महिना सम्मको" महलमा उल्लेखित संख्या र "यो महिनाको" भन्ने महलमा उल्लेखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जगाउन बाँकी संख्या" भन्ने महलमा "मुलतबीको लगत" भन्ने

महल अर्न्तगत उल्लिखित जम्मा मुलतबी संख्या र "मुलतबी जागेको संख्या" भन्ने महल अर्न्तगत उल्लिखित जम्मा संख्या घटाई बाँकी हुन आउने संख्या भर्ने ।

- मुलतबीको किसिम महल अर्न्तगतको चोरीको १० नं. वमोजिमको मुलतबीको लगत विवरण भर्दा "जिम्मेवारी सरेको संख्या" महलमा गत आर्थिक वर्षवाट चालु आर्थिक वर्षमा जिम्मेबारी सरेको चोरीको १० नं. बमोजिमको मुलतबी मुद्दा संख्या भर्ने । "यो वर्ष मुलतबी रहेको संख्या" अर्न्तगत चालु आर्थिक वर्षको श्रावण महिना देखि मासिक प्रतिवेदन भर्ने महिना सम्म चोरीको १० नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा मुलतबी संख्या" भन्ने महलमा "जिम्मेवारी सरेको संख्या" को महलमा उल्लेखित संख्या र "यो वर्ष मुलतबी रहेको संख्या" को महलमा उल्लिखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जागेको संख्या" महल अर्न्तगत  "गत महिना सम्मको" महलमा चोरीको १० नं. बमोजिमको मासिक प्रतिवेदन भर्ने महिना भन्दा अघिल्लो महिना सम्मको मुलतबी मुद्दा संख्या भर्ने । "यो महिनाको" भन्ने महलमा मासिक प्रतिवेदन भर्ने महिना सम्मको चोरीको १० नं. बमोजिम मुलतबी राखिएको मुद्दा संख्या भर्ने । "जम्मा" भन्ने महलमा "गत महिना सम्मको" महलमा उल्लेखित संख्या र "यो महिनाको" भन्ने महलमा उल्लेखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जगाउन बाँकी संख्या" भन्ने महलमा "मुलतबीको लगत" भन्ने महल अर्न्तगत उल्लेखित जम्मा मुलतबी संख्या र "मुलतबी जागेको संख्या" भन्ने महल अर्न्तगत उल्लेखित जम्मा संख्या घटाई बाँकी हुन आउने संख्या भर्ने ।

- मुलतबीको किसिम महल अर्न्तगतको जिल्ला अदालत नियमावलीको नियम १९ क वमोजिमको तामेली लगत विवरण भर्दा "जिम्मेवारी सरेको संख्या" महलमा गत आर्थिक वर्षवाट चालु आर्थिक वर्षमा जिम्मेबारी सरेको जिल्ला अदालत नियमावलीको नियम १९ क वमोजिमको तामेली संख्या भर्ने । "यो वर्ष मुलतबी रहेको संख्या" अर्न्तगत चालु आर्थिक वर्षको श्रावण महिना देखि

मासिक प्रतिवेदन भर्ने महिना सम्म जिल्ला अदालत नियमावलीको नियम १९ क वमोजिमको तामेली राखिएको मुद्दा संख्या भर्ने । "जम्मा मुलतबी संख्या" भन्ने महलमा "जिम्मेवारी सरेको संख्या" को महलमा उल्लेखित संख्या र "यो वर्ष मुलतबी रहेको संख्या" को महलमा उल्लेखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जागेको संख्या" महल अर्न्तगतका "गत महिना सम्मको" महलमा जिल्ला अदालत नियमावलीको नियम १९ क वमोजिमको तामेली बमोजिमको मासिक प्रतिवेदन भर्ने महिना भन्दा अघिल्लो महिना सम्मको मुलतबी मुद्दा संख्या भर्ने । "यो महिनाको" भन्ने महलमा मासिक प्रतिवेदन भर्ने महिना सम्मको जिल्ला अदालत नियमावलीको नियम १९ क वमोजिमको तामेली राखिएको मुद्दा संख्या भर्ने । "जम्मा" भन्ने महलमा "गत महिना सम्मको" महलमा उल्लेखित संख्या र "यो महिनाको" भन्ने महलमा उल्लेखित संख्यालाई योगफल गरी भर्ने । "मुलतबी जगाउन बाँकी संख्या" भन्ने महलमा "मुलतबीको लगत" भन्ने महल अर्न्तगत उल्लेखित जम्मा मुलतबी संख्या र "मुलतबी जागेको संख्या" भन्ने महल अर्न्तगत उल्लेखित जम्मा संख्या घटाई बाँकी हुन आउने संख्या भर्ने ।

## फाराम नं. ३

**उद्धेश्य** : यो फारामवाट जिल्ला अदालतमा रहेका विभिन्न प्रकृतिका मुद्दामा थुनुवाको विवरण प्राप्त हुने ।

## थुनुवा मुद्दाको विवरण

- लागू औषध अन्तर्गत "थुनुवा मुद्दा संख्या" को महलमा लागू औषध सम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । लागू औषधको मुद्दा संख्यालाई "थुनुवा संख्या" को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।

- मानव बेचविखन तथा ओसारपसार अन्तर्गत “थुनुवा मुद्दा संख्या” को महलमा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । मानव बेचविखन तथा ओसारपसारको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।

- जबरजस्ती करणी अन्तर्गत “थुनुवा मुद्दा संख्या” को महलमा जबरजस्ती करणीसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । जबरजस्ती करणीको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।

- वैदेशिक रोजगार अन्तर्गत “थुनुवा मुद्दा संख्या” को महलमा वैदेशिक रोजगारसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । वैदेशिक रोजगारको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।

- ठगी अन्तर्गत “थुनुवा मुद्दा संख्या” को महलमा ठगीसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । ठगीको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।

- विदेशी मुद्रा अन्तर्गत “थुनुवा मुद्दा संख्या” को महलमा विदेशी मुद्रासम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । विदेशी मुद्राको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र

अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।

- गर्भपतन अन्तर्गत "थुनुवा मुद्दा संख्या" को महलमा गर्भपतनसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । गर्भपतनको मुद्दा संख्यालाई "थुनुवा संख्या" को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।
- प्राचीन स्मारक अन्तर्गत "थुनुवा मुद्दा संख्या"को महलमा प्राचीन स्मारकसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । प्राचीन स्मारकको मुद्दा संख्यालाई "थुनुवा संख्या" को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।
- ज्यान अन्तर्गत "थुनुवा मुद्दा संख्या"को महलमा ज्यानसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । ज्यानको मुद्दा संख्यालाई "थुनुवा संख्या" को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।
- चोरी/डाका अन्तर्गत "थुनुवा मुद्दा संख्या"को महलमा चोरी/डाकासम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । चोरी/डाकाको मुद्दा संख्यालाई "थुनुवा संख्या" को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी "जम्मा" महलमा योगफल भर्ने ।
- अपहरण गर्ने तथा शरीर बन्धक लिनेअन्तर्गत "थुनुवा मुद्दा संख्या"को महलमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । अपहरण गर्ने

तथा शरीर बन्धक लिनेको मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।

- अन्य अन्तर्गत “थुनुवा मुद्दा संख्या”को महलमा अन्यसम्बन्धी कति थुनुवा मुद्दा रहेका छन् सो मुद्दा संख्या भर्ने । अन्य मुद्दा संख्यालाई “थुनुवा संख्या” को महलमा पुरुष र महिला छुट्याई दुवैमा क्रमैसंग विदेशी, नाबालक, वृद्ध, अपाङ्ग र अन्य महलमा कुन प्रगतिको थुनुवा हो सो संख्या उल्लेख गरी “जम्मा” महलमा योगफल भर्ने ।
- अन्य महलमा माथि उल्लिखित फाराममा रहेका मुद्दा विवरणको प्रकृति वाहेकका अन्य थुनुवा मुद्दाको विवरण उल्लेख गर्ने ।
- अन्य महलमा माथि उल्लिखित फाराममा रहेका मुद्दा विवरणको प्रकृति वाहेक अन्य थुनुवा मुद्दाको विवरण एकै ठाउँमा उल्लेख गरी कुन कुन मुद्दा उल्लेख गरिएको हो कैफियतमा मुद्दाको नाम उल्लेख गर्ने ।

## फाराम नं. ४

**उद्धेश्य** : यो फारामवाट जिल्ला अदालतमा रहेका मुद्दाहरु मध्ये लगत फछ्र्यौट र बाँकीको क्रमस सालबसाली संख्यात्मक मासिक प्रगति विवरण न्यायाधीशगत रुपमा प्राप्त हुने ।

### न्यायाधीशगत मुद्दाहरुको सालबसाली विवरण

- यस फाराममा सम्बन्धित अदालतमा कुन कुन सालका मुद्दाहरु छन् सो बमोजिम लगत, फछ्र्यौट र वाँकी र जम्मा समेत प्रत्येक न्यायाधीशगत खुलाउनु पर्ने छ ।
- एक जना न्यायाधीश रहेका अदालतमा पनि कुन कुन सालका मुद्दाहरु छन् सो बमोजिम लगत, फछ्र्यौट र वाँकी उल्लेख गरी जम्मा समेत खुलाई विवरण उल्लेख गर्नु पर्ने छ ।

- एक जना न्यायाधीश वा एक भन्दा  वढी न्यायाधीश भए पनि यस फारामको कुल जम्मा अर्न्तगत लगत, फछ्र्यौट र  वाँकीसंग फाराम नं. १ को जम्मा लगतसंग मिल्नु पर्ने छ ।

**फाराम नं. ५**

**उद्धेश्य** : यो फारामवाट जिल्ला अदालतका प्रत्येक न्यायाधीशहरुले मासिक सम्पादन गरेको कार्यको जानकारी प्राप्त हुने ।

**न्यायाधीशहरुको कार्य सम्पादन विवरण**

- यो फाराममा न्यायाधीशगत कार्य सम्पादन विवरण भर्नु पर्ने छ ।
- प्रत्येक न्यायाधीशको नाम समेत उल्लेख गरी जिल्ला अदालत नियमावलीको "नियम ३० बमोजिम जिम्मा मुद्दा संख्या"को महल अर्न्तगत "२ बर्ष भित्रको," "२ वर्ष नाघेको" महलमा समेत क्रमै संग भरी "जम्मा" महलमा "२ बर्ष भित्रको," जिम्मा मुद्दा संख्या र "२ वर्ष नाघेको" जिम्मा मुद्दा संख्या जोडी योगफल गरी भर्ने ।
- "फैसला वा अन्तिम आदेश भएको संख्या" को महल अर्न्तगत "म्याद भित्रको" महलमा अ.वं. १४ नं.को म्याद र "म्याद नाघेको" महलमा अ.वं. १४ नं.को म्याद नाघेको आधारमा छुट्याई न्यायाधीशगत मासिक संख्या भर्ने ।
- "अन्य आदेश"को महलमा फैसला वा अन्तिम आदेश बाहेकको आदेश भएको संख्या भर्ने ।
- "७५ बर्ष नाघेका बृद्ध बृद्धा पक्ष भएको" महल अर्न्तगत न्यायाधीशगत ७५ वर्ष नाघेको  "मुद्धा संख्या" र सो मुद्दा संख्या अनुसार भएको "फछ्र्यौट संख्या"  भर्ने ।
- "मेलमिलापमा" महल अर्न्तगत जिल्ला अदालत नियमावली, २०५२ को नियम ३२क बमोजिम न्यायाधीशगत मेलमिलापका लागि "पठाएको मुद्दाको संख्या" र मेलमिलापद्धारा विवाद समाधान भई "सफल भएका मुद्दा संख्या" भर्ने ।

- "कानून व्यवसायीले हटाएको मुद्दा संख्या"को महलमा न्यायाधीशगत जिम्मा रहेको मुद्दा संख्यामा सुनवाइको क्रममा कानून व्यवसायीले हटाएको मासिक मुद्दा संख्या भर्ने ।
- "इजलासवाट नभ्याएको संख्या"को महलमा प्रत्येक न्यायाधीशले सुनुवाइको क्रममा इजलासवाट नभ्याएको मासिक मुद्दा संख्या भर्ने ।
- "वयान गराएको संख्या"को महलमा प्रत्येक न्यायाधीशले कति जनालाई वयान गराएको छ सो को मासिक संख्या भर्ने ।
- "थुनछेकको आदेश संख्या"को महलमा प्रत्येक न्यायाधीशले कति थुनछेकको आदेश गरेको छ सो को मासिक संख्या भर्ने ।
- "वकपत्र गराएको संख्या"को महलमा प्रत्येक न्यायाधीशले कति जनालाई वकपत्र गराएको छ सो को मासिक संख्या भर्ने ।
- "अ.बं. १६९ को प्रयोग भएका मुद्दासंख्या" को महलमा प्रत्येक न्यायाधीशले फैसलाको क्रममा अ.वं. १६९ को प्रयोग गरेको मासिक मुद्दा संख्या भर्ने ।
- "हाजिरी बिवरण"को महल अर्न्तगत "सार्वजनिक विदा", "लिएको विदा", "हाजिरी विदा" र "काज दिन" को महलमा प्रत्येक न्यायाधीशको महिनागत विवरण भर्ने ।